# विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि,२०७५

**प्रस्तावनाः** नेपालको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यावसायिक कृषिको माध्यमबाट दिगो आर्थिक बृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना रहेकोले, प्रदेश सरकार प्रदेश नं ५ को आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं ५०, ५३, ६३ र ६४ लाई सम्बोधन गर्न प्रदेश सरकार, प्रदेश नं ५ कृषि विकास निर्देशनालय, को आर्थिक वर्ष २०७५/७६ को विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम कार्यान्वयनको लागि प्रदेश सरकार, प्रदेश नं ५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले "विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि,२०७५" तयार गरी लागू गरेकोछ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “मन्त्रालय” भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) “कार्यक्रम” भन्नाले "विशेष मागमा आधारित लक्षित कृषिसम्बन्धी कार्यक्रम" सम्झनुपर्छ।

(ग) “समिति” भन्नाले यस कार्यविधिको दफा ६ अनुसार गठित समिति सम्झनुपर्छ।

(घ) “नीजि उद्यमी” भन्नाले नीजिस्तरमा विधिवत दर्ता भएका कृषि उत्पादन प्रशोधन तथा बजारिकरण सम्बन्धी व्यवसाय वा साना उद्योग सञ्चालन गर्ने नीजि फार्म/कम्पनी सम्झनुपर्छ।

३. **उद्देश्यहरुः** यस कायविधिका उद्देश्यहरु देहायबमोजिम हुनेछन्:-

(क) मूल्य श्रृंखलामा आधारित कृषि उत्पादन बृद्धि गर्ने।

(ख) परम्परागत रुपमा ग्रामिण क्षेत्रमा उत्पादन भएका कृषि तथा पशुपन्छीजन्य उत्पादनहरुलाई बजार पुऱ्याउने।

(ग) कृषि क्षेत्रको विकास मार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै उद्यमशिलताको माध्यमबाट गरिबी निवारणमा टेवा पुऱ्याउने।

## परिच्छेद २

## कार्यक्रम माग सम्बन्धी तथा अनुदान प्रवाहसम्बन्धी

४. **अनुदान रकम लगानि गर्न सकिने उपक्षेत्रहरुः** अनुदान रकम तालिका १ बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ।

**तालिका १**

| सि.नं. | क्रियाकलाप | अनुदान सहयोग | कार्यक्रम सञ्चालन हुने स्थान | आवेदक |
|---|---|---|---|---|
| १. | गुन्द्रुक तथा मस्यौरा उत्पादन, प्याकेजिङ्ग तथा बजारीकरण कार्यक्रम | ५० प्रतिशत वा अधिकतम रु १५ लाख सम्म | पूर्वी रुकुम रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पा | नीजि उद्यमीहरु |
| २. | रेशम विकास कार्यक्रम | ५० प्रतिशत वा अधिकतम् रु १५ लाख | दाङ जिल्ला | नीजि उद्यमी, कृषक समूह |
| ३. | व्यवसायिक पाडा पालन ( कम्तिमा १० पाडा पालिराखेको र ३० थप्ने तथा व्यवस्थापन योजना) | ५० प्रतिशत वा अधिकतम् ८ लाख | पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र बर्दीया | नीजि उद्यमीहरु |

५. **अनुदान रकम भुक्तानी** : अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनका लागी छनौट पश्चात द्विपक्षिय सम्झौता गरी मन्त्रालयले कार्यदिश दिनेछ ।कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भर्पाई सहित तोकिएको समयभित्र भुक्तानी माग गर्नुपर्नेछ र सो अनुसार कार्यालयले स्थलगत निरिक्षण पश्चात सम्पादित कार्यका आधारमा भुक्तानी गर्नेछ।

(ख) स्वीकृत अनुदान रकममा सुचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी प्रचलित कानूनबमोजिम कन्टीन्जेन्सी रकम र कर कट्टि गरी भुक्तानी गरिनेछ ।

## परिच्छेद ३

## समितिसम्बन्धी व्यवस्था

**६. समितिहरुको गठनः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक निती तथा निर्देशनका लागि देहायबमोजिमको निर्देशक समिति गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | माननीय मन्त्री | भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) | सचिव | उघोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | सचिव | सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ङ) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्यसचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तब्य र अधिकारः यस कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिने हुनेछ।

(४) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइ प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | निर्देशक | कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (घ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (च) | प्रमुख | पशुपंछी विकास महाशाखा | सदस्य |

| | | | |
|---|---|---|---|
| (छ) | प्रमुख | भुमि ब्यबस्था महाशाखा | सदस्य |
| (ज) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य सचिव |

(६) अनुदान व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने ।

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित स्वीकृत गर्न सक्नेछ।

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यक्ता अनुसार फिल्ड प्रमाणिकरण कार्य पुन गराउन सक्नेछ ।

(७) यस कार्यविधि बमोजिम पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | महाशाखा प्रमुख | योजना तथा अनुगमन महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | अनुगमन तथा मूल्याङ्कन शाखा | सदस्य |
| (ग) | प्रमुख | सहकारी तथा गरिबी निवारण शाखा | सदस्य |
| (घ) | प्रमुख | खाद्य सुरक्षा प्रवर्द्धन शाखा | सदस्य |
| (ङ) | प्रमुख | पशुपंछी ब्यबसाय प्रवर्द्धन शाखा | सदस्य |
| (च) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (छ) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(८) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने गराउने ।

(ख) फिल्ड प्रमाणिकरण टोली गठन तथा सहजीकरण गरी कार्य गराउने।

(ग) आवश्यकताका आधारमा नमूना प्रमाणिकरण तथा अनुगमन कार्य गर्ने गराउने।

(घ) प्रस्तावना तथा फिल्ड प्रमाणिकरणबाट प्राप्त भएको फिल्ड रिर्पोट समेतको मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा स्वीकृतीका लागि सिफारिस गर्ने।

(ङ) अनुदान व्यवस्थापन समितिबाट निर्देशित अन्य कार्यहरु गर्ने।

## परिच्छेद ४
## विविध

६. **कार्यक्रम अनुगमन** : आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित स्थानिय तह तथा सम्वन्धित कृषि ज्ञान केन्द्र र समितिबाट कार्यक्रमको अनुगमन हुनेछ।

७. **कारवाहीको व्यवस्था** : सम्झौता अनुसार कार्य नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदान ग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

८. **बाधा अड्चन, निरुपण, खारेजी र संसोधन** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण समितिले गर्नेछ ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूची १

प्रथम पटक प्रकाशित मितिः २०७५।।

यस मन्त्रालयको आ.व. २०७५।७६ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गत विशेष मागमा आधारित लक्षित कृषि सम्बन्धी कार्यक्रम ५० प्रतिशत अनुदानमा सञ्चालन गर्न ईच्छुक नीजि उद्यमीहरु तथा कृषक समूहले संलग्न विवरण सहितको प्रस्तावना यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको कार्यालयमा आइपुग्ने गरि निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित निवेदन, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्ड, प्रस्तावनाको ढाचाँ र प्रस्ताव पेश गर्न सकिने कार्यालयको विवरण अनुसूची २, ३, ४, ५ यस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| सि.नं. | क्रियाकलाप | अनुदान सहयोग | कार्यक्रम सञ्चालन हुने स्थान | आवेदक |
|---|---|---|---|---|
| १. | गुन्द्रुक तथा मस्यौरा उत्पादन, प्याकेजिङ्ग तथा तथा बजारीकरण कार्यक्रम | ५० प्रतिशत वा अधिकतम रु १५ लाख सम्म | पूर्वी रुकुम रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पा | नीजि उद्यमीहरु |
| २. | रेशम विकास कार्यक्रम | ५० प्रतिशत वा अधिकतम् रु १५ लाख | दाङ जिल्ला | नीजि उद्यमी, कृषक समूह |
| ३. | व्यवसायिक पाडा पालन ( कम्तिमा १० पाडा पालिराखेको र ३० थप्ने तथा व्यवस्थापन योजना) | ५० प्रतिशत वा अधिकतम् ८ लाख | पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु, बाँके र बर्दीया | नीजि उद्यमीहरु |

## अनुसूची २

विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रमको निवेदन ढाँचा

मिति :..............................

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, रुपन्देही।
मार्फतः
श्री प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र वा पशु अस्पताल तथा पशु विज्ञ केन्द्र,
...................................... ।

**विषय : योजना माग सम्बन्धमा।**

मलाई/हामीलाई "विशेष मागमा आधारित लक्षित कृषि कार्यक्रम सञ्चालन कार्यविधि,२०७५" अनुसार मन्त्रालयको मिति......................... को.................................. सूचनाको आधारमा अनुसूची-३ वमोजिमको प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी आवश्यक अनुदानका लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :

१.
२.
३.

निवेदक
नाम :
पद :
ठेगाना :
मोबाइल नं. :
संस्थाको छाप :

## अनुसूची ३

## आयोजना प्रस्तावनाको ढाँचा

(१) आयोजना र सम्पर्क व्यक्ति सम्वन्धी विवरण

| आवेदकको विवरण | |
|---|---|
| नाम थरः | |
| स्थायी ठेगानाः | |
| सम्पर्क नं. | |
| इमेल ठेगानाः | |
| प्रस्तावित आयोजनाको नाम | |
| सहकारीको नाम र ठेगाना | |
| मूल उद्धेश्य | |
| प्रस्तावित आयोजनाको कूल लागत रु. | |
| मन्त्रालयमा माग गरिएको रकम रु. | |
| सम्बन्धित आवेदकले व्यहोर्ने रकम रु. | |

(२) **प्रस्तावित आयोजना सम्बन्धमा (आयोजनाको विवरण)**

| |
|---|
| १. आयोजनाको नामः |
| २. उदेश्यः |
| क |
| ख |
| ग |
| ३. आयोजनाको सारांश(२०० शब्द) |
| ४. आयोजनाको परिचय |
| ५. आयोजनाको डिजाइन र विधि |
| ६. आयोजना संचालन हने स्थान र यसको औचित्य |
| ७. लाभान्वित जनसंख्या |
| ८. प्रस्तावित आयोजनाको गतिविधिहरु |
| |

| |
|---|
| ९. आयोजनाको जोखिम |
| १०. पर्यवेक्षण र निगरानीको लागि योजना |
| ११. आयोजनाको मापनयोग्य अपेक्षित उपलब्धिः क्षेत्र विस्तार, उत्पादन, उत्पादकत्व, आम्दानी, रोजगारी सृजना, प्रविधि हस्तान्तरण र प्रसार |
| |
| |

**३) आयोजना संचालनको लागि आर्थिक प्रस्ताव**

| खर्चको किसिम अनुसार आयोजनाको कुल लागत | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क.सं.** | **कृयाकलाप** | **लागत विबरण** | | | | | |
| | | **इकाई** | **परिणाम** | **दर** | **जम्मा** | **मन्त्रालयले ब्यहोर्ने रु.** | **आवेदकले ब्यहोर्ने रु.** |
| क | पुंजीगत | | | | | | |
| | | | | | | | |
| ख | चालु | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा रु.** | | | | | | |

## स्वघोषणा (DECLARATION)

म यसै मार्फत प्रमाणित गर्छु कि माथि उल्लेखित विवरणहरु सही छ । मैले प्रदेश ५, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यक्रमको उद्धेस्य पढेको र बुझेको छु र सबै सन्दर्भमा सोहि अनुसारको कार्य गर्नेछु । यदि यस प्रस्ताबको लागि मलाई अनुदान दिइन्छ भने, म कार्ययोजना अनुरुप कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू र कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने छु । झुठा ठहरे कानुन बमोजिम सहुला, बुझाउला ।

आवेदक को हस्ताक्षर ....................................

नाम.....................................

अनुसूची ५

**प्रस्तावना दर्ता गर्न सकिने कार्यालयहरुको बिवरण**

| जिल्ला | कार्यालय |
|---|---|
| नवलपरासी पश्चिम | कृषि ज्ञान केन्द्र, परासी |
| रुपन्देही | भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भैरहवा |
| कपिलबस्तु | कृषि ज्ञान केन्द्र तौलिहवा |
| पाल्पा | कृषि ज्ञान केन्द्र तानसेन |
| गुल्मी | कृषि ज्ञान केन्द्र ,तम्घास |
| अर्घाखांची | कृषि ज्ञान केन्द्र सन्धिखर्क |
| प्यूठान | कृषि ज्ञान केन्द्र घोराही दाङ्ग |
| रोल्पा | कृषि ज्ञान केन्द्र लिवाङ्ग |
| दाङ्क | कृषि ज्ञान केन्द्र घोराही दाङ्ग |
| बांके | कृषि ज्ञान केन्द्र बाँके |
| बर्दिया | कृषि ज्ञान केन्द्र बाँके |
| रुकुम पूर्ब | शिश्ने गाँउपालिका, कृषि शाखा रुकुमकोट वा कृषि ज्ञान केन्द्र लिवाङ्ग रोल्पा |